**राष्ट्रीय विपद जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना २०७४**

**तयारीका लागि**

**शिक्षा मन्त्रालय मार्फत**

**गृह मन्त्रालयमा पेश गरिएको**

# सामाजिक (स्वास्थ्य, शिक्षा, तथा खानेपानी तथा सरसफाइ ) क्षेत्रको

# विपद जोखिम न्यूनीकरणको नीति तथा रणनीतिक कार्ययोजना प्रस्ताव  प्रारम्भिक मसौदा प्रतिवेदन

तयार पार्ने

**डा. हरिप्रसाद ढुङ्गाना**

सहजकर्ता

# Contents


१. परिचय तथा पृष्ठभूमी ........ 3

२. सामाजिक क्षेत्रसम्बन्धी नीतिगत-कानूनी संरचना ........ 4

३. प्रतिवेदन तयारीमा प्रयोग भएको प्रकृया तथा विधि ........ 6

५. सामाजिक क्षेत्रका परामर्शबाट प्राप्त भएका सिकाइ तथा सुझाव ........ 7

५.१ सामाजिक क्षेत्रमा रहेका कमीहरु (ग्याप) ........ 7

५.२ नीतिगत सुझावहरु ........ 7

५.३ विपद जोखिम न्यूनीकरणका लागि सामाजिक क्षेत्रको रणनीतिक कार्ययोजना ........ 9

प्राथमिकता क्षेत्र १. विपद् जोखिमको बुझाइ ........ 9

प्राथमिकता क्षेत्र २. केन्द्रिय, प्रादेशिक र स्थानिय तहका लागि विपद् जोखिम व्यवस्थापन गर्न विपद् जोखिम शासनको सशक्तिकरण ........ 10

प्राथमिकता क्षेत्र ३. उत्थानशिलताको लागि निजी तथा सार्वजनिक लगानी मार्फत विपद् तथा जलवायु परिवर्तन जोखिम न्यूनीकरण ........ 11

प्राथमिकता क्षेत्र ४. प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा "अझै राम्रो निर्माण" का लागि विपद् पूर्वतयारीको सुदृढीकरण ........ 11

५.४ सामाजिक क्षेत्रमा विपद जोखिम न्यूनीकरणका लागि वित्त व्यवस्था ........ 12

५.५ अनुगमन, मूल्याङ्कन, पुनरावलोकन तथा परिमार्जन ........ 12

६. निष्कर्ष ........ 13

सन्दर्भ ग्रन्थ ........ 14

अनुसूचीहरु ........ 15

अनुसूची 1: परिणाम तालिका ........ 15

अनुसूची 2: क्षेत्रगत परामर्शका सहभागीहरुको नामावली ........ 22


**तालिका सूचि**


तालिका 1: नेपालको संविधानअनुसार राज्यका तीन तहमा रहेको शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाइका अधिकार ........ 4

# १. परिचय तथा पृष्ठभूमी

नेपाल सरकार, गृह मन्त्रलयले विभिन्न विषयगत मन्त्रालयका साथै दातृ निकाय तथा अन्य सरोकारवालाहरूको समेत सहयोग र सहकार्यमा विपद जोखिम न्यूनीकरण राष्ट्रीय नीति तथा कार्ययोजना तयार पार्ने क्रममा गठित गरिएका जम्मा छ वटा क्षेत्रगत कार्य समूहमध्ये सामाजिक क्षेत्र कार्य समूह पनि एक रहेको छ। यस सामाजिक क्षेत्र कार्य समूह अन्तर्गत देहायका तीन प्रमुख नीतिगत विषयहरु समेटिएका छन्।

- शिक्षा
- स्वास्थ्य तथा पोषण र
- खानेपानी तथा सरसफाइ

यस मसौदा प्रतिवेदनमा सामाजिक कार्यसमूह अन्तर्गतका शिक्षा, स्वास्थ्य तथा पोषण र खानेपानी तथा सरसफाइका क्षेत्रमा विपद जोखिम न्यूनीकरणका लागि अपनाउन उपयुक्त देखिएका नीतिगत पक्षहरु, प्राथमिकता निर्धारण तथा रणनीतिक कार्ययोजना समेत सिफारिस गरिएको छ। यससाथै सामाजिक कार्यसमूह अन्तर्गतका नीतिगत क्षेत्रका लागि परिणाम तालिका समेत प्रस्तावित गरिएको छ।

यी माथि उल्लेखित शिक्षा, स्वास्थ्य तथा पोषण र खानेपानी तथा सरसफाइका क्षेत्रहरु नेपाली नागरिकका आधारभूत जीवनयापनका क्रममा अत्यावश्यक विषय रहनुका साथै नेपालको संविधानमा उल्लेखित मौलिक हक सुनिश्चित गर्ने तथा राज्यका निर्देशक सिद्धान्त परिपालना गर्ने सन्दर्भमा पनि महत्त्वपूर्ण छन्। नेपालको नयाँ संविधानमा नेपाली नागरिकका शिक्षा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा खानेपानी सम्बन्धी मौलिक हकहरु स्थापित गरिएको छ। हाम्रो संविधानमा हालसम्मका विकास प्रयासबाट यी तीन क्षेत्रमा हासिल भएका उपलब्धिभन्दा धेरै अगाडि बढेर वृहद् प्रतिबद्धताहरु समेत गरिएको छ। त्यसैगरी सन् २०१५ मा नेपालले प्रतिबद्धता जनाएको दिगो विकासका लक्ष बमोजिम यी तीन क्षेत्र समेत समेटी लक्ष समेत तोकेर कार्यान्वयनको क्रममा रहेको अवस्था छ।

तर यी तीनै क्षेत्रमा विपदका कारण गम्भीर प्रभाव परेको कुरा नेपालका विगत तथा वर्तमानका अनुभवले देखिएको छ। बाढी तथा यसबाट हुने कटान, पटान तथा डुबान, पहिरो तथा हिमपहिरो, खडेरी, आगलागी, भूकम्प, रोग महामारी जस्ता विपदजन्य घटनाबाट यी सेवाहरु प्रदान गर्न आवश्यक पर्ने संरचना तथा पूर्वाधारमा क्षति पुग्ने र कतिपय अवस्थामा पुरै तहसनहस हुने स्थिति पैदा हुन पुग्दछ। ठूलो बाढी आएर वस्ती डुबान भएका बेला त्यहाँ रहेका स्कूलहरु पनि डुबानमा पर्ने स्थिति पैदा हुन्छ। यसबाट नियमित पठनपाठन अवरुद्ध हुने मात्र नभइ साना अवोध बालबालिकाहरू बाढीमा डुब्ने वा हराउने तथा उनीहरुका अविभावक वा परिवारका अन्य सदस्यको मृत्युसमेत हुने स्थिति सिर्जना हुन्छ। त्यसैगरी, यस्तो अवस्थामा खानेपानीको नियमित श्रोत समेत दुषित हुनजाने हुनाले त्यसबाट झाडापखाला लगायतका रोग तथा महामारी समेत उत्पन्न हुने जोखिम रहन्छ। यस्ता सङ्कट तथा यस्ता अन्य विपद समेतबाट थप सामाजिक-आर्थिक कठिनाइ उत्पन्न भई विशेषगरी विपन्न तथा पिछडिएका समुदाय वा क्षेत्रका महिला,

बालबालिकामा मानव बेचबिखन, यौनजन्य हिँसा लगायत सामाजिक-आर्थिक शोषण पनि बढ्ने अवस्था रहन्छ। विशेषगरी अविभावक वा परिवारका अन्य सदस्यको मृत्यु, बेघरबार भएको स्थिति, स्कूल सञ्चालन हुन नसक्नु जस्ता परिवेशमा मनोसामाजिक विचलन समेत भई बालबालिका तथा तिनका अविभावक समेत मानसिक रुपले पीडित बन्ने सम्भावना रहन्छ। प्रभावकारी विपद जोखिम व्यवस्थापनका लागि उपयुक्त पहल र प्रयास हुन सकेन भने नेपालका सङ्घीय, प्रादेशिक तथा स्थानीय तहबाट शिक्षा, स्वास्थ्य तथा पोषण र खानेपानी तथा सरसफाइका क्षेत्रमा गरिराखेका प्रयासमा तुषारापात हुने स्थिति सिर्जना हुन्छ। यसका साथै विगत दशकौँदेखिका विकास प्रयासबाट हासिल भएका उपलल्धिहरु समेत जोखिममा पर्ने सम्भावना रहन्छ। तसर्थ शिक्षा, स्वास्थ्य तथा पोषण र खानेपानी तथा सरसफाइका क्षेत्रमा विपदको अवस्थामा यथाशीघ्र तत्तत् सेवाहरु सुचारू गर्ने मात्र नभई प्रभावित तथा पीडित बालबालिका, महिला तथा जोखिममा रहेका सर्वसाधारणका लागि संरक्षणको समेत व्यवस्था गर्नुपर्ने हुन्छ।

# २. सामाजिक क्षेत्रसम्बन्धी नीतिगत-कानूनी संरचना

नेपालको संविधानमा देशको शिक्षा, स्वास्थ्य तथा पोषण र खानेपानी तथा सरसफाइका सेवासम्बन्धी हकाधिकार तथा दायित्त्व तथा विपद जोखिम व्यवस्थापन सम्बन्धी समेत व्यवस्थाहरु गरिएको छ। प्रथमत: संविधानको धारा ५१ (छ) ४ मा जल-उत्पन्न प्रकोपहरु नियन्त्रण गर्ने र सोही धाराको (छ) ९ मा प्राकृतिक प्रकोपका जोखिम घटाउन पूर्वसूचना प्रणाली विकास, उद्धार, राहत, पुनर्स्थापनाका कार्य गर्ने राज्य नीति रहने उल्लेखित छ। त्यसैगरी, संविधानको धारा २६७ (४) अनुसार नेपाल सरकारले संघीय कानूनबमोजिम विपद व्यवस्थापनमा नेपाली सेना परिचालन गर्न सक्ने व्यवस्था गरिएको छ। यस संविधानमा सङ्घीय प्रणाली अन्तर्गत सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहमा राज्यशक्तिको बाँडफाड गरी विपदसम्बन्धी जिम्मेवारी समेत तहगत रुपमा छुट्याइएको छ। विपद व्यवस्थापनको कार्य स्थानीय तहको अधिकार सूची (अनुसूची ८) का साथै स्थानीय तह, प्रदेश र सङ्घबीचको साझा अधिकार सूची (अनुसूची ९) मा राखिएको छ। त्यसैगरी, प्राकृतिक तथा मानव-सिर्जित विपदसम्बन्धी तयारी, उद्धार, राहत तथा पुनर्स्थापनाका कार्यमा प्रदेश र सङ्घबीचको साझा (अनुसूची ७) जिम्मेवारी रहने उल्लेख छ।

यसका साथै शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाइलाई मौलिक हकको रुपमा स्वीकार गरिएको छ। तर ती अधिकार सुनिश्चित गर्ने जिम्मेवारी राज्यका तीन तहका अधिकारको सूचीको रुपमा हरेक तहका लागि विशिष्ट भूमिका तिकिएको छ। यसरी गरिएको जिम्मेवारी तथा अधिकारको बाँडफाँडको विवरण तालिका १ मा देखाइएको छ।

**तालिका 1**: नेपालको संविधानअनुसार राज्यका तीन तहमा रहेको शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाइका अधिकार

| सेवा | सङ्घीय तह | प्रदेश तह | स्थानीय तह |
|---|---|---|---|
| **शिक्षा** | केन्द्रीय विश्वविद्यालय<br>(अनुसूचि ५ (१२)) | प्रदेश विश्वविद्यालय, उच्च शिक्षा<br>(अनुसूचि ६ (८)) | आधारभूत तथा माध्यमिक शिक्षा (अनुसूचि ८ (८)) |

| | | | |
|---|---|---|---|
| | शिक्षा (अनुसूचि ९ (२)) | | |
| **स्वास्थ्य** | केन्द्रीयस्तरको स्वास्थ्य नीति (मापदण्ड निर्धारण, गुणस्तर तथा अनुगमन) (अनुसूचि ५ (१२) | स्वास्थ्य सेवा (अनुसूचि ६ (९)) | आधारभूत स्वास्थ्य (अनुसूचि ८ (९)) |
| | स्वास्थ्य (अनुसूचि ९ (२)) | | |
| **खानेपानी तथा सरसफाइ** | | खानेपानी (अनुसूचि ६ (७)) | सरसफाइ (अनुसूचि ८ (९)) खानेपानी (अनुसूचि ८ (१९)) |
| | खानेपानी तथा सरसफाइ (अनुसूचि ७ (१८)) | | |
| | खानेपानी (अनुसूचि ९ (५)) | | |

माथि तालिकामा प्रस्तुत भए बमोजिम शिक्षा र स्वास्थ्य सम्बन्धी अधिकार राज्यका तीनै तहमा छुट्टाछुट्टै रहनुका साथै तीन तहबीचको साझा अधिकार सूचीमा समेत रहेको पाइन्छ। यसैगरी खानेपानी तथा सरसफाइको हकमा प्रदेश र स्थानीय स्तरका लागी अधिकार दिनुका साथै सङ्घ र प्रदेशको साझा अधिकार र खानेपानीका लागी तीनै तहको साझा अधिकारको रुपमा समेत रहेको पाइन्छ। संविधानमा रहेको यस व्वस्थामा थप स्पष्टता ल्याउन आगामी दिनमा कानून तथा साङ्गठनिक संरचनाहरु निर्माण गरिनुपर्ने हुन्छ।

नेपालको हालसम्मको प्रशासनिक संरचना केन्द्रिकृत रहेको र संविधान बमोजिमको प्रदेश तथा स्थानीय स्तरको संरचना यसर्थ राज्यका तीन वटै तहबाट तोकिएका शिक्षा, स्वास्थ्य, पोषण र खानेपानी तथा सरसफाइ सम्बन्धी भूमिका निर्वाह गर्नका लागि केही महत्त्वपूर्ण तयारी आवश्यक पर्दछ। यसमा मूल रुपमा कानुनी पूर्वाधार, निर्वाचित नेतृत्त्व, कर्मचारी समायोजन, आर्थिक श्रोतको व्यवस्था पर्दछन्। यसका साथै प्रदेश र स्थानीय तहमा यी कामहरु सम्पादन गर्न सक्नेगरी क्षमता विकास गर्नुपर्ने हुन्छ।

क) शिक्षाक्षेत्र

यसमा धारा ३१ मा निशुल्क रुपमा आधारभूत तथा अनिवार्य शिक्षा र माध्यमिक तहसम्म निशुल्क शिक्षा प्राप्त गर्ने हक रहने उल्लेखित छ। सन् २०१६ देखि लागू गरिएको विद्यालय क्षेत्र विकास कार्यक्रमले समता हासिल गर्ने र शिक्षाको पहुँच, सहभागिता तथा सिकाइमा रहेका विभेद हटाउने, शिक्षालाई सान्दर्भिक र गुणस्तरीय बनाई विपद प्रतिरोधक प्रणाली विकास गर्ने, सक्षम जनशक्ति निर्माण गर्नेजस्ता उद्देश्यहरु लिइएको छ। त्यसैगरी यसमा दिगो विकासका लक्षजस्ता कुराप्रति पनि प्रतिबद्धता व्यक्त गरेका छ। यसका साथै अबको शिक्षा प्रणाली स्थानीय सरकारप्रति जवाफदेही हुने, राज्यका तीन तहबीच शिक्षामा साझेदारी गर्ने र तद्अनुरुप शिक्षाक्षेत्रको पुनर्संरचना गरिने प्रतिबद्धता जनाइएको छ। नेपालको संविधान र उक्त नीति अनुरुप पुनर्संरचनाको चरणमा शिक्षा मन्त्रालय रहेको छ।

ख) स्वास्थ्य तथा पोषण क्षेत्र

नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०१५ अबलम्बन गरी नेपालमा अहिले स्वास्थ्य सेवामा समतामूलक पहुँच, गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य प्रणाली सुधार तथा बहु-क्षेत्रगत अवधारणा गरी चार रणनीतिक सिद्धान्त अन्तर्गत कार्य अगाडि बढेको छ। नेपालको संविधानमा स्वास्थ्य क्षेत्र र सेवा मूलत: प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएकोले पुनर्सरँचनाको आवशयकता रहेको छ। स्थानीय स्वायत्त शासन ऐन मार्फत सन् २००२ देखि नै स्वास्थ्य क्षेत्र विकेन्द्रित रहेकोले पनि अन्य क्षेत्रहरुको तुलनामा बढी सहज हुने विश्वास गरिएको छ।

त्यसैगरी सन् २०१३ मा पारित गरिएको वहुक्षेत्रीय पोषण योजना तथा नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०१५ समेतका आधारमा पोषणसम्बन्धी विभिन्न प्रयासहरु भइरहेका छन्। पोषण योजनामा पोषणलाई वहुक्षेत्रीय खाकाअन्तर्गत परिकल्पना गरिएको छ र पोषणका गतिविधिहरु विकेन्द्रित संरचना अन्तर्गत स्थानीय सरकाले सञ्चालन गर्ने गरी व्यवस्था गरिएको छ। पोषणसम्बन्धी विपद जोखिम न्यूनीकरणका लागि विगत एक दशकदेखि प्रचलनमा रहेको क्लष्टर अवधारणा विशेषत: उपयोगी हुने ठानिएको छ।

ग) खानेपानी तथा सरसफाइ

नेपालको संविधानमा खानेपानी तथा सरसफाइका सेवालाई प्रदेश तथा स्थानीय तहको अधिकार मान्नुको साथसाथै तीनै तहको अधिकार सूचिमा समेत राखिएको छ। यस संविधान पछि बनाइएको यस क्षेत्रको विकास योजनामा स्थानीय तहमा जल विकास गुरुयोजनाको आधारमा खानेपानी लगायत जल उपयोगका प्राथमिकता निर्धारण गर्ने, पानी सम्बन्धि कामका क्रममा पारदर्शिता, जवाफदेहिता र सहभागिताजस्ता असल शासनका अभ्यास अवलम्बन गरिने प्रतिबद्धता जनाइएको छ। विशेषगरी यस योजनामा खानेपानी तथा सरसफाइका सेवा विपदबाट प्रभावित हुने मात्र नभई यी सेवा अवरुद्ध हुँदा थप विपदको सिर्जना हुने भएकोले सामान्य समय र विपदको समय दुवैमा यसप्रति सचेत भई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्नेमा जोड दिइएको छ।

यसरी माथिका तीनवटै क्षेत्रमा विपदबाट गम्भीर असर पर्न जाने र यसमा समयमै यथोचित ध्यान नदिए विपद झन् जटिल बन्न जाने देखिन्छ।

## ३. प्रतिवेदन तयारीमा प्रयोग भएको प्रकृया तथा विधि

यस प्रतिवेदन तयारीका लागि देहायका विधिहरु अपनाइएको थियो।

१. यस सामाजिक कार्यसमूहको काम यसै कार्य समूहको लिड रहेको शिक्षा मन्त्रालयका प्रतिनिधि तथा स्वास्थ्य मन्त्रालयका प्रतिनिधिसित प्रारम्भिक परामर्शबाट थप परामर्शको मिति, स्थान, सहभागीहरुको नामावली, एजेन्डा, प्रस्तुती, अध्यक्षताजस्ता प्रारम्भिक विषयमा छलफल र निक्यौंल गरी शुरु गरिएको थियो।

२. त्यसपछि शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय तथा खानेपानी तथा सरसफाइ मन्त्रालयसितको समन्वयमा दुईवटा बहुसरोकारवाला परामर्श बैठक सञ्चालन गरिएको थियो। यी परामर्शका क्रममा यी तीन मन्त्रालयका का प्रतिनिधिका अतिरिक्त गृह मन्त्रालय, ती मन्त्रालय अन्तर्गतका सम्बन्धित निकाय, संयुक्त राष्ट्रसङ्घका विभिन्न निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, एशियाली विकास बैंक, तथा सरोकारवाला संस्थाका प्रतिनिधि समेत गरी उल्लेख्य सहभागिता रहेको थियो। सहभागीहरुको नामावली अनुसूची २ मा दिइएको छ।

३. यसका साथै मन्त्रालयका प्रतिनिधि तथा अन्य सम्बन्धित निकायका प्रतिनिधि तया केही विज्ञहरुसित समेत व्यक्तिगत परामर्श गरिएको थियो ।

४. यी माथि उल्लेखित कामहरुसँगै नेपाल सरकारका नीति, क्षेत्रगत नीति, नेपालको संविधान, सेन्डाइ फ्रेमवर्क लगायतका डकुमेन्ट पनि पुनरावलोकन गरिएको थियो । यसका अलावा सहजकर्ताको आफ्नै अनुभव र सिकाइ पनि यसमा समाहित भएको छ ।

# ५. सामाजिक क्षेत्रका परामर्शबाट प्राप्त भएका सिकाइ तथा सुझाव

## *५.१ सामाजिक क्षेत्रमा रहेका कमीहरु (ग्याप)*

हालको अवस्थामा सामाजिक क्षेत्रअन्तर्गत रहेका शिक्षा, स्वास्थ्य तथा पोषण र खानेपानी तथा सरसफाइका क्षेत्रमा देहायका प्रमुख कमीहरु रहेको पाइयो ।

१. विपद व्यवस्थानका लागि केही हदसम्म जिल्ला स्तरमा योजना तर्जुमा गरिएको भएपनि स्थानीयस्तर तथा विद्यालय, स्वास्थ्य चौकी तथा खानेपानी योजनाको तहमा यी योजनाहरू नरहेको ।

२. विपद व्यवस्थापनका लागि निजी अस्पताल, निजी (संस्थागत) विद्यालयजस्ता निजी क्षेत्रको संनग्नता र सहभागिता हुन नसकेको ।

३. विपद व्यवस्थापनका लागि तोकिएका निकायरुको विस्तृत क्षमता आँकलन हुन नसकेको र क्षमता विकासमा कम ध्यान दिइएको ।

४. विपद व्यवस्थापनका लागि कानूनी व्यवस्था समयानुकुल बन्न नसकेको र नयाँ संविधानअनुसार अधिकार र जिम्मेवारीको यथोचित प्रबन्ध गर्ने काम बाँकी रहेको ।

५. विपदपछि समुदायस्तरमा उपलब्ध गराउनुपर्ने औषधि, पाठ्यसामग्री, स्वच्छ पानी लगायतका कुराहरू वितरण गर्ने संरचना नरहेको

## *५.२ नीतिगत सुझावहरु*

सामाजिक कार्यसमूह अन्तर्गतका शिक्षा, स्वास्थ्य तथा पोषण र खानेपानी तथा सरसफाइका क्षेत्रमा विपद जोखिम व्यवस्थापनका लागि देहायका चार प्राथमिकताअनुसार नीतीगत व्यवस्थाहरु प्रस्तावित गरिएको छ ।

**प्राथमिकता क्षेत्र १. विपद् जोखिमको बुझाइ**

१. स्थानीय, प्रादेशिक तथा सङ्घीय तहमा विद्यालय, खानेपानीका योजना, निजी तथा सरकारी स्वास्थ्य संरचना तथा जनस्वास्थ्य सम्बन्धमा विपद जोखिमबारे नियमित रुपमा तथ्याङ्क सङ्कलन, नक्शाङ्कन, तथा प्रचारप्रसार गर्ने ।

२. विद्यार्थी, अविभावक, शिक्षक, स्वास्थ्यकर्मी तथा खानेपानी सेवा प्रदायक, सामुदायिक संस्था तथा उपभोक्ताहरूका लागि विपदका अवस्थामा खेल्नुपर्ने भूमिकाबारे जानकारीमूलक सामग्री बनाई प्रचारप्रसार गर्ने, तालिम प्रदान गर्ने, र विभिन्न तहमा अनुभवको आदानप्रदान गर्ने ।

३. आफ्नो क्षेत्रमा रहेका विद्यालय, खानेपानीका योजना, निजी तथा सरकारी स्वास्थ्य संरचना तथा जनस्वास्थ्य र पोषणको अवस्थामा मा पर्नसक्ने विपद जोखिमका जानकारीबारे स्थानीय तह, वडा तह र सामुदायिक तहमा छलफल बहस गरी योजना तर्जुमामा उपयोग गर्ने ।

**प्राथमिकता क्षेत्र २. केन्द्रिय, प्रादेशिक र स्थानिय तहका लागि विपद् जोखिम व्यवस्थापन गर्न विपद् जोखिम शासनको सशक्तिकरण**

१. शिक्षा, स्वास्थ्य तथा पोषण र खानेपानी तथा सरसफाइका क्षेत्रमा विपद जोखिम न्यूनीकरणका लागी स्थानीय तहलाई सशक्त, जिम्मेवार तथा सक्षम बनाउने र सङ्घ तथा प्रदेश तहबाट स्थानीय स्तरमा गर्ने विपद व्यस्थापनका कार्यमा स्थानीय तहसित समन्वित गरी गर्ने ।

२. विभिन्न तहका विपद जोखिम न्यूनीकरण योजना निर्माणका क्रममा विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानी योजना निर्माण तथा व्यवस्थापनमा संलग्न हुने व्यवस्थापन समिति, उपभोक्ता समिति तथा निजी क्षेत्रको लगानी भएकोमा लगानीकर्ता लगायतका सामुदायिक संस्था, तिनका प्रतिनिधि र जनसमुदायको सहभागिता सुनिश्चित गर्ने ।

३. राज्यको तीन तहको रुपमा रहेका सङ्घ, प्रदेश र स्थानीय तहबीच संविधानको प्रबन्ध बमोजिम कानूनी व्यवस्था मार्फत शिक्षा, स्वास्थ्य तथा पोषण र खानेपानी तथा सरसफाइका क्षेत्रका विपद जोखिम न्यूनीकरणका लागी समन्वय, सञ्चार, आर्थिक श्रोतको प्रबन्धन, मानव संशाधन व्यवस्था, तथा अधिकारक्षेत्रका बारेमा स्पष्टता ल्याउने र तोकिएको निकायलाई जवाफदेही बनाउने ।

**प्राथमिकता क्षेत्र ३. उत्थानशिलताको लागि निजी तथा सार्वजनिक लगानी मार्फत विपद् तथा जलवायु परिवर्तन जोखिम न्यूनीकरण**

१. विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनामा आइपर्नसक्ने प्रकोप मध्यनजर गरी सम्बन्धित योजनाको उत्थानशील संरचना निर्माण गर्ने र यसका लागि खर्चको आन्तरिकीकरण गर्ने ।

२. विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनामा प्रकोपबाट हुनसक्ने क्षतिका साथै प्रकोपका कारण विद्यार्थी, अस्पतालका बिरामी, सुत्केरी, बालबालिका, वृद्धवृद्धा, अपाङ्गमा पर्नजाने असुरक्षाको मध्यनजर गरी आवश्यक बन्दोबस्तीको प्रबन्धन गर्ने ।

३. विपद जोखिमका कारण विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनामा हुनसक्ने क्षति तथा मानिसको जिउधन तथा स्वास्थ्य र पोषणमा पर्ने प्रभाव सम्बोधन गर्न गैरजीवन तथा जीवन बिमाका योजना प्रबर्धन गर्ने ।

**प्राथमिकता क्षेत्र ४. प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा "अझै राम्रो निर्माण" का लागि विपद् पूर्वतयारीको सुदृढीकरण**

१. विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका योजना निर्माणका क्रममा विपद जोखिम अनूरुप उत्थानशील संरचना निर्माण सुनिश्चत गर्ने ।

२. विपदपछिको पुनर्निर्माणका क्रममा स्थानीय तहको नेतृत्त्व, स्थानीय सरसामग्रीको प्रयोग र स्थानीयहरूलाई नै तालिम प्रदान गरी परिचालन गर्न प्राथमिकता दिने ।

३. विपदपछि विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानी योजनाको क्षति भएमा ती सेवाहरु तुरुन्त पुनर्सञ्चालन गर्ने व्यवस्था मिलाउने वा वैकल्पिक प्रबन्धन गर्ने ।

## *५.३ विपद जोखिम न्यूनीकरणका लागि सामाजिक क्षेत्रको रणनीतिक कार्ययोजना*

**समग्र लक्ष**

यस सामाजिक कार्यसमूह अन्तर्गत रहेका शिक्षा, स्वास्थ्य तथा पोषण र खानेपानी क्षेत्रका लागि देहायको समग्र क्षेत्रगत लक्ष प्रस्तावित गरिएको छ ।

"विपदका कारण विद्यालय तथा उच्च शिक्षा, स्वास्थ्य सेवा र खानेपानीका भौतिक संरचनामा पर्नसक्ने प्रभाव कम गर्ने, विद्यार्थी, अविभावक तथा सर्वसाधारणको सुविधा तथा महामारी लगायतका जनस्वास्थ्यमा पर्न जाने नकारात्मक प्रभाव घटाउनका लागि सङ्घ, प्रदेश तथा स्थानीय सरकारको नेतृत्त्वमा विपद जोखिम व्यवस्थापन सम्बन्धी ज्ञानको प्रचार, शासकीय संरचना निर्माण, वित्त व्यवस्था तथा पूर्वतयारी तथा पुनर्निर्माणका कार्य सम्पन्न गर्ने।"

**प्राथमिकता क्षेत्र १. विपद् जोखिमको बुझाइ**

यस अन्तर्गत देहायका कामहरु प्रस्तावित गरिएका छन् ।

१. स्थानीय, प्रादेशिक तथा सङ्घीय तहमा विद्यालय, खानेपानीका योजना, निजी तथा सरकारी स्वास्थ्य संरचना तथा जनस्वास्थ्य तथा र पोषण सम्बन्धमा विपद जोखिमबारे नियमित रुपमा तथ्याङ्क सङ्कलन, नक्शाङ्कन, तथा प्रचारप्रसार गर्ने ।

२. स्थानीय, प्रादेशिक तथा सङ्घीय तहमा विद्यालय, खानेपानीका योजना, निजी तथा सरकारी स्वास्थ्य संरचना तथा जनस्वास्थ्य र पोषण मा विपद पर्नसक्ने विषयका तथ्याङ्क सामाजिक, आर्थिक रुपले र क्षेत्रगत रूपले छुट्याएर प्रचार प्रसार गर्ने ।

३. तथ्याङ्क सङ्कलनलाई नियमित तथा अद्यावधिक बनाई आवश्यकता अनुसार राष्ट्रिय, प्रादेशिक, स्थानीय तथा ठाउँविशेषको समेत जोखिम नक्शा लगायत तयार पारी सम्बन्धित निर्णयकर्ता तथा सर्वसाधारणमा उपलब्ध गराउने।

४. राज्यका सबै तहमा काम गर्ने स्वास्थ्कर्मी, शिक्षक तथा शिक्षा प्रशासक, खानेपानी सेवा प्रदायक संस्थाका कर्मचारी तथा प्राविधिक तथा प्रशासक र निजी क्षेत्रमा कार्यरत सेवाप्रदायकमा समेत ज्ञान तथा क्षमता विकास प्रवर्धन गर्ने।

५. शिक्षा, स्वास्थ्य, पोषण र खानेपानी क्षेत्रमा विपद जोखिम न्यूनीकरण गर्नका लागि प्राविधिक क्षमता अभिवृद्धि गर्ने।

६. शिक्षा, स्वास्थ्य, पोषण र खानेपानी क्षेत्रमा विपद जोखिम न्यूनीकरण गर्नका लागि आवश्यक पर्ने सुहाउदो प्रविधि विकासका लागि लगानी प्रवर्धन गर्ने।

७. शिक्षा, स्वास्थ्य, पोषण र खानेपानी क्षेत्रमा विपद जोखिम न्यूनीकरण गर्नका लागि सबै तहका शिक्षामा विपद जोखिमसम्बन्धी विषयहरु समाविष्ट गर्ने।

८. विद्यार्थी, अविभावक, शिक्षक, स्वास्थ्यकर्मी तथा खानेपानी सेवा प्रदायक, सामुदायिक संस्था तथा उपभोक्ताहरूका लागि विपदका अवस्थामा खेल्नुपर्ने भूमिकाबारे जानकारीमूलक सामग्री बनाई प्रचारप्रसार गर्ने, तालिम प्रदान गर्ने, र विभिन्न तहमा अनुभवको आदानप्रदान गर्ने।

९. आफ्नो क्षेत्रमा रहेका विद्यालय, खानेपानीका योजना, निजी तथा सरकारी स्वास्थ्य संरचना तथा जनस्वास्थ्य र पोषणमा पर्नसक्ने विपद जोखिमका जानकारीबारे स्थानीय तह, वडा तह र सामुदायिक तहमा छलफल बहस गरी योजना तर्जुमामा उपयोग गर्ने।

**प्राथमिकता क्षेत्र २. केन्द्रिय, प्रादेशिक र स्थानिय तहका लागि विपद् जोखिम व्यवस्थापन गर्न विपद् जोखिम शासनको सशक्तिकरण**

१. शिक्षा, स्वास्थ्य, पोषण र खानेपानी तथा सरसफाइका क्षेत्रमा विपद जोखिम न्यूनीकरणका लागी ती हरेक क्षेत्रमा विपद जोखिम न्यूनीकरणका कार्यहरु मुलप्रवाहीकरण गर्ने।

२. सबै प्रादेशिक तथा स्थानीय तहमा विपद जोखिम न्यूनीकरणका योजनाहरु बनाई कार्यान्वयन गर्ने।

३. बिल्डिङ् कोड लगायत खानेपानीका योजना निर्देशिका तथा विपद समाहित पाठ्यक्रम लगायतका क्षेत्रगत कानूनी औजारहरुको प्रभावकारी कार्यान्वयनका लागि संयन्त्रको व्यवस्था गर्ने।

४. राज्यका तीनै तहमा अन्तरसरकारी तथा अन्तर-निकाय सञ्चार तथा समन्वयको संयन्त्र बनाई तथा फोकल प्वाइन्ट समेत तोकेर सरोकारवालाहरुसित विपद जोखिम न्यूनीकरणमा निरन्तर संवाद गरी नीति कार्यान्वयन गर्ने।

५. निजी क्षेत्र, व्यवसायिक संस्था तथा सरोकारवालाहरुको सहभागितामा शिक्षाका पाठ्यक्रम, स्वास्थ्य, पोषण तथा सरसफाइ, खानेपानीको योजना निर्माण तथा पानीको गुणस्तर लगायतबारे मापदण्डहरू बनाई लागू गर्ने।

**प्राथमिकता क्षेत्र ३. उत्थानशिलताको लागि निजी तथा सार्वजनिक लगानी मार्फत विपद् तथा जलवायु परिवर्तन जोखिम न्यूनीकरण**

१. संविधानको व्यवस्थाअनुसार राज्यका तीन वटै तहका लागि विपद जोखिम न्यूनीकरण रणनीति कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोत बिनियोजन गर्ने।

२. विपद जोखिमका कारण विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनामा हुनसक्ने क्षति तथा मानिसको जिउधन तथा स्वास्थ्यमा पर्ने प्रभाव सम्बोधन गर्न गैरजीवन तथा जीवनबिमाका योजना प्रबर्धन गर्ने।

३. कार्यालय तथा कार्यस्थलमा विपद जोखिम उत्थानशीलता हासिल गर्नेगरी उपयुक्त संरचनागत तथा अन्य उपाय अबलम्बन गर्ने।

४. शहरी विकासका क्रममा पूर्वाधार निर्माण गर्दा विपद जोखिम आँकलन समेत मुलप्रवाहित गर्ने।

५. अहिलेको बिल्डिङ् कोड, जल गुरूयोजना प्रकृयाको विपद जोखिम न्यूनीकरणका दृष्टिकोणले सामयिक पुनरावलोकन वा अवलम्बन गर्ने।

६. विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनामा आइपर्नसक्ने प्रकोप मध्यनजर गरी सम्बन्धित योजनाको उत्थानशील संरचना निर्माण गर्ने र यसका लागि खर्चको आन्तरिकीकरण गर्ने।

७. हालका शिक्षा, स्वास्थ्य, पोषण र खानेपानीको सबै तहमा विपद जोखिम न्यूनीकरण समाहित गरी र स्थानीय तहमा काम गर्ने कर्मचारीहरुको क्षमता विकास समेत गरी प्रणालीगत सुदृढीकरण गर्ने।

८. सर्वसाधारणका जीविकोपार्जनका विभिन्न आयाम तथा स्थानीय संस्कृतिसमेत हेरी समुदायस्तरमा सुरक्षाजालो तयार पार्न सहजीकरण गर्ने।

९. विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनामा प्रकोपबाट हुनसक्ने क्षतिका साथै प्रकोपका कारण विद्यार्थी, अस्पतालका बिरामी, सुत्केरी, बालबालिका, वृद्धवृद्धा, अपाङ्गमा पर्नजाने असुरक्षाको मध्यनजर गरी आवश्यक बन्दोबस्तीको प्रबन्ध गर्ने।

**प्राथमिकता क्षेत्र ४. प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा "अझै राम्रो निर्माण" का लागि विपद् पूर्वतयारीको सुदृढीकरण**

१. जलवायु परिवर्तनका प्रभावसमेत विचार गरी विपद पूर्वतयारी तथा आपतकालीन नीति, योजना र कार्यक्रम राज्यका तीनै तहमा निर्माण गर्ने र अद्यावधिक गर्ने।

२. हाल चालू रहेका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचनामा पुनर्सबलीकरण लगायतका कार्य गरी नयाँ तथा पुराना संरचनाहरुलाई सुरक्षित र प्रभावकारी बनाउने।

३. विपदका क्रममा उद्धार तथा राहत वितरण,  सचेतना अभिवृद्धि गर्ने, र उद्धार तथा राहतका सामग्री भण्डार गरी राख्न स्थानीय स्तरमा सामुदायिक भवनको प्रबन्ध गर्ने।

४. अहिले तालिमप्राप्त जनशक्ति र थप नयाँ स्वयंसेवीहरूलाई समेत शिक्षा, स्वास्थ्य, पोषण र खानेपानी सम्बन्धी विपद प्रतिकार सम्बन्धमा तालिम प्रदान गर्ने र आवश्यक बन्दोवस्तीको प्रबन्धन गर्ने।

५. विपद पछिको अवस्थामा आपतकालिन रुपमा शिक्षा, स्वास्थ्य, पोषण तथा खानेपानीको प्रबन्ध गर्ने कार्य सुनिश्चित गर्ने।

६. विपद सामना गर्नका लागि नियमित रुपमा विद्यालय, अस्पतालमा ड्रिल तथा तालिमहरु सञ्चालन गर्ने।

७. विपदपछिको पुनर्निर्माणको समयमा पाठ्यसामग्री, औषधि-उपकरण लगायतका महत्त्वपूर्ण सामग्रीहरू खतराको इलाकाभन्दा बाहिर राख्ने प्रबन्ध गर्ने

८. विपदबाट पीडित बालबालिका, महिला, अपाङ्ग लगायत सर्वसाधारणमा परेको मानसिक तथा मनोसामाजिक प्रभावका लागि उचित मानसिक स्वास्थ्य सेवा तथा मनोसामाजिक परामर्श प्रदान गर्ने व्यवस्था मिलाउने।

## ५.४ *सामाजिक क्षेत्रमा विपद जोखिम न्यूनीकरणका लागि वित्त व्यवस्था*

वित्त व्यवस्थाका लागि देहायको प्रस्तावित गरिएको छ।

१. विपद व्यवस्थापनका लागि शिक्षा, स्वास्थ्य, पोषण र खानेपानी तथा सरसफाइका पूर्वाधार निर्माण परियोजनामै खर्चको व्यवस्था गरी विपद-उत्थानशील संरचना बनाउनु पर्दछ।
२. यी तीनवटै सेवा प्रदान गर्ने संरचना तथा विद्यार्थी तथा उपभोक्ताको संरक्षणका लागि स्थानीय र सामुदायिक तहमा सुरक्षा जालो प्रवर्द्धन गरिनु पर्दछ।
३. अन्तरसरकारी वित्त हस्तान्तरण अन्तर्गत सशर्त अनुदान पाउने प्रदेश तथा स्थानीय तहलाई विपद व्यवस्थापनमा पनि लगानी गर्न प्रोत्साहित गर्न सकिन्छ।
४. अन्तरसरकारी वित्त हस्तान्तरणका क्रममा शिक्षा, स्वास्थ्य, पोषण र खानेपानी तथा सरसफाइ मध्ये एक वा अर्को क्षेत्रमा पछाडि परेका सामाजिक समूह वा भौगोलिक क्षेत्रमा केन्द्रित गरी विपद जोखिम न्यूनिकरणका लागि विशेष अनुदान समेतको व्यवस्था गर्न सकिन्छ। यसका लागि गृह मन्त्रालयबाट प्राकृतिक श्रोत तथा वित्त आयोगसमक्ष विशेष पहल आवश्यक छ।
५. संरचना र व्यक्तिको जीउ-धन नाश वा क्षतिका लागि बिमा नीति प्रोत्साहित गरिनु पर्दछ।

## ५.५ *अनुगमन, मूल्याङ्कन, पुनरावलोकन तथा परिमार्जन*

यस सामाजिक कार्यसमूह अन्तर्गत समाविष्ट रहेका शिक्षा, स्वास्थ्य तथा पोषण, र खानेपानी तथा सरसफाइ क्षेत्रका नीति, योजना तथा कार्यक्रममा गरिने अनुगमन, मूल्याङ्कन, पुनरावलोकनका क्रममा विपद जोखिम न्यूनीकरणका पक्षहरु समावेश गर्ने।

## ६. निष्कर्ष

निश्कर्षमा, यस रणनीति मार्फत् शिक्षा, स्वास्थ्य, पोषण तथा खानेपानी क्षेत्रमा विपद जोखिम न्यूनीकरणको मुलप्रवाहीकरण गर्ने उपयुक्त अवसर सिर्जना भएको छ। नेपाल अहिले पुनर्संरचनाको चरणमा रहेको, तीन तहका सरकारबीचका कतिपय कुराहरु अझै पूर्णरुपले स्पष्ट नभएको तथा ठाउँअनुसार आवश्यकताहरु फरक पनि रहने हुनाले नयाँ संविधानको व्यवस्था अनुसार प्रादेशिक तह तथा स्थानीय तहमा यस रणनीति कार्यान्वयनमा विविधता आउन पनि सक्दछ। तर यसले विपद व्यवस्थापनमा जिम्मेवारी तथा अधिकार र श्रोत व्यवस्था पनि उल्लेख गरेकोले जिम्मेवार निकायलाई जवाफदेही बनाउन समेत सहयोगी हुने देखिन्छ।

# सन्दर्भ ग्रन्थ

MoE (2016) School Sector Development Programme, 2016-2022: A Concept Paper. Kathmandu: Ministry of Education (MoE)

MoHP (2015) Nepal Health Sector Strategy, 2015-2020. Kathmandu: Ministry of Health and Population (MOHP)

MoWSS (2016) Nepal Water Supply, Sanitation and Hygiene Sector Development Plan (2016-2030). Kathmandu: Ministry of Water Supply and Sanitation (MoWSS).

NPC 2015 Sustainable Development Goals 2016-2030: National (Preliminary) Report.

WHO (2016) Bangkok principles for the implementation of the health aspects of the Sendai Framework for Disaster Risk Reduction, 2015-2030. World Health Organization (WHO), available www.who.int/hac/events/2016/Bangkok_Principles.pdf

# अनुसूचीहरु

अनुसूची 1: परिणाम तालिका

| कृयाकलाप | कहिलेसम्म | जिम्मेवार निकाय |
|---|---|---|
| **प्राथमिकता क्षेत्र १. विपद् जोखिमको बुझाइ** | | |
| १. स्थानीय, प्रादेशिक तथा सङ्घीय तहमा विद्यालय, खानेपानीका योजना, निजी तथा सरकारी स्वास्थ्य संरचना तथा जनस्वास्थ्यमा विपद पर्नसक्ने विषयमा नियमित तथ्याङ्क सङ्कलन, नक्शाङ्कन, तथा प्रचारप्रसार गर्ने। | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| २. स्थानीय, प्रादेशिक तथा सङ्घीय तहमा विद्यालय, खानेपानीका योजना, निजी तथा सरकारी स्वास्थ्य संरचना तथा जनस्वास्थ्य र पोषण मा विपद पर्नसक्ने विषयका तथ्याङ्क सामाजिक, आर्थिक रुपले र क्षेत्रगत रूपले छुट्याएर प्रचार प्रसार गर्ने। | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| ३. तथ्याङ्क सङ्कलनलाई नियमित तथा अद्यावधिक बनाई आवश्यकता अनुसार राष्ट्रिय, प्रादेशिक, स्थानीय तथा ठाउँविशेषको समेत जोखिम नक्शा लगायत तयार पारी सम्बन्धित निर्णयकर्ता तथा सर्वसाधारणमा उपलब्ध गराउने। | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार<br>विश्वविद्यालय |
| ४. राज्यका सबै तहमा काम गर्ने स्वास्थ्यकर्मी, शिक्षक तथा शिक्षा प्रशासक, खानेपानी सेवा प्रदायक संस्थाका कर्मचारी तथा प्राविधिक तथा प्रशासक र निजी क्षेत्रमा कार्यरत सेवाप्रदायकमा समेत | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा |

| कृयाकलाप | कहिलेसम्म | जिम्मेवार निकाय |
|---|---|---|
| ज्ञान तथा क्षमता विकास प्रवर्धन गर्ने। | | सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार<br>विश्वविद्यालय, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, निजी सेवा प्रदायक |
| ५. शिक्षा, स्वास्थ्य, पोषण र खानेपानी क्षेत्रमा विपद जोखिम न्यूनीकरण गर्नका लागि प्राविधिक क्षमता अभिवृद्धि गर्ने। | तीन चरण (२०२०, २०२५, २०३०) | विश्वविद्यालय, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, निजी सेवा प्रदायक |
| ६. शिक्षा, स्वास्थ्य, पोषण र खानेपानी क्षेत्रमा विपद जोखिम न्यूनीकरण गर्नका लागि आवश्यक पर्ने सुहाउदो प्रविधि विकासका लागि लगानी प्रवर्धन गर्ने। | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग, प्रदेश सरकार |
| ७. शिक्षा, स्वास्थ्य, पोषण र खानेपानी क्षेत्रमा विपद जोखिम न्यूनीकरण गर्नका लागि सबै तहका शिक्षामा विपद जोखिमसम्बन्धी विषयहरु समाविष्ट वा परिमार्जन गर्ने। | सन् २०२०, २०३० | शिक्षा मन्त्रालय, विश्वविद्यालय, पाठ्यसामग्री विकास केन्द्र, तालिम केन्द्र |
| ८. विद्यार्थी, अविभावक, शिक्षक, स्वास्थ्यकर्मी तथा खानेपानी सेवा प्रदायक, सामुदायिक संस्था तथा उपभोक्ताहरूका लागि विपदका अवस्थामा खेल्नुपर्ने भूमिकाबारे जानकारीमूलक सामग्री बनाई प्रचारप्रसार गर्ने, तालिम प्रदान गर्ने, र विभिन्न तहमा अनुभवको आदानप्रदान गर्ने। | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| ९. आफ्नो क्षेत्रमा रहेका विद्यालय, खानेपानीका योजना, निजी तथा सरकारी स्वास्थ्य संरचना तथा जनस्वास्थ्य र पोषण मा पर्नसक्ने विपद जोखिमका जानकारीबारे स्थानीय तह, वडा तह र सामुदायिक तहमा छलफल बहस गरी योजना तर्जुमामा उपयोग गर्ने। | तीन चरण (२०२०, २०२५, २०३०) | प्रदेश सरकार, स्थानीय सरकार |

| कृयाकलाप | कहिलेसम्म | जिम्मेवार निकाय |
|---|---|---|
| **प्राथमिकता क्षेत्र २. प्रत्येक विषयगत क्षेत्र तथा केन्द्रिय, प्रादेशिक र स्थानिय तहका लागि विपद् जोखिम व्यवस्थापन गर्न विपद् जोखिम शासनको सशक्तिकरण** | | |
| १. शिक्षा, स्वास्थ्य, पोषण र खानेपानी तथा सरसफाइका क्षेत्रमा विपद जोखिम न्यूनीकरणका लागी ती हरेक क्षेत्रमा विपद जोखिम न्यूनीकरणका कार्यहरु मुलप्रवाहीकरण गर्ने। | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| २. सबै प्रादेशिक तथा स्थानीय तहमा विपद जोखिम न्यूनीकरणका योजनाहरु बनाई कार्यान्वयन गर्ने। | तीन चरण (२०२०, २०२५, २०३०) | प्रदेश सरकार, स्थानीय सरकार |
| ३. बिल्डिङ् कोड लगायत खानेपानीका योजना निर्देशिका तथा विपद समाहित पाठ्यक्रम लगायतका क्षेत्रगत कानूनी औजारहरुको प्रभावकारी कार्यान्वयनका लागि संयन्त्रको व्यवस्था गर्ने। | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| ४. राज्यका तीनै तहमा अन्तरसरकारी तथा अन्तर-निकाय सञ्चार तथा समन्वयको संयन्त्र बनाई तथा फोकल प्वाइन्ट समेत तोकेर सरोकारवालाहरुसित विपद जोखिम न्यूनीकरणमा निरन्तर संवाद गरी नीति कार्यान्वयन गर्ने। | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| ५. निजी क्षेत्र, व्यवसायिक संस्था तथा सरोकारवालाहरुको सहभागितामा शिक्षाका पाठ्यक्रम, स्वास्थ्य, पोषण तथा सरसफाइ, खानेपानीको योजना निर्माण तथा पानीको गुणस्तर लगायतबारे मापदण्डहरू बनाई लागू गर्ने। | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |

| कृयाकलाप | कहिलेसम्म | जिम्मेवार निकाय |
|---|---|---|
| **प्राथमिकता क्षेत्र ३. उत्थानशिलताको लागि विस्तृत र जानकारीमूलक निजी तथा सार्वजनिक लगानी मार्फत विपद् तथा जलवायु परिवर्तन जोखिम न्यूनीकरण** | | |
| १. संविधानको व्यवस्थाअनुसार राज्यका तीन वटै तहका लागि विपद जोखिम न्यूनीकरण रणनीति कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोत बिनियोजन गर्ने। | सन् २०२० | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| २. विपद जोखिमका कारण विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनामा हुनसक्ने क्षति तथा मानिसको जिउधन तथा स्वास्थ्य र पोषण मा पर्ने प्रभाव सम्बोधन गर्न गैरजीवन तथा जीवनबिमाका योजना प्रबर्धन गर्ने। | सन् २०२० | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| ३. कार्यालय तथा कार्यस्थलमा विपद जोखिम उत्थानशीलता हासिल गर्नेगरी उपयुक्त संरचनागत तथा अन्य उपाय अबलम्बन गर्ने। | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| ४. शहरी विकासका क्रममा पूर्वाधार निर्माण गर्दा विपद जोखिम आँकलन समेत मुलप्रवाहित गर्ने। | सन् २०२० | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| ५. अहिलेको बिल्डिङ् कोड, जल गुरूयोजना प्रकृयाको विपद जोखिम न्यूनीकरणका दृष्टिकोणले सामयिक पुनरावलोकन वा अवलम्बन गर्ने। | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा |

| कृयाकलाप | कहिलेसम्म | जिम्मेवार निकाय |
|---|---|---|
| | | सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| ६. विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनामा आइपर्नसक्ने प्रकोप मध्यनजर गरी सम्बन्धित योजनाको उत्थानशील संरचना निर्माण गर्ने र यसका लागि खर्चको आन्तरिकीकरण गर्ने। | सन् २०२० | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| ७. हालका शिक्षा, स्वास्थ्य, पोषण र खानेपानीको सबै तहमा विपद जोखिम न्यूनीकरण समाहित गरी र स्थानीय तहमा काम गर्ने कर्मचारीहरुको क्षमता विकास समेत गरी प्रणालीगत सुदृढीकरण गर्ने। | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| ८. सर्वसाधारणका जीविकोपार्जनका विभिन्न आयाम तथा स्थानीय संस्कृतिसमेत हेरी समुदायस्तरमा सुरक्षाजालो तयार पार्न सहजीकरण गर्ने। | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| ९. विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनामा प्रकोपबाट हुनसक्ने क्षतिका साथै प्रकोपका कारण विद्यार्थी, अस्पतालका बिरामी, सुत्केरी, बालबालिका, वृद्धवृद्धा, अपाङ्गमा पर्नजाने असुरक्षाको  मध्यनजर गरी आवश्यक बन्दोबस्तीको प्रबन्ध गर्ने। | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| **प्राथमिकता क्षेत्र ४. प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा “अझै राम्रो निर्माण” का लागि विपद् पूर्वतयारीको सुदृढीकरण** | | |

| कृयाकलाप | कहिलेसम्म | जिम्मेवार निकाय |
|---|---|---|
| १. जलवायु परिवर्तनका प्रभावसमेत विचार गरी विपद पूर्वतयारी तथा आपतकालीन नीति, योजना र कार्यक्रम राज्यका तीनै तहमा निर्माण गर्ने र अद्यावधिक गर्ने। | सन् २०२० | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| २. हाल चालू रहेका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचनामा पुनर्सबलीकरण लगायतका कार्य गरी नयाँ तथा पुराना संरचनाहरुलाई सुरक्षित र प्रभावकारी बनाउने। | सन् २०२० | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| ३. विपदका क्रममा उद्धार तथा राहत वितरण,  सचेतना अभिवृद्धि गर्ने, र उद्धार तथा राहतका सामग्री भण्डार गरी राख्न स्थानीय स्तरमा सामुदायिक भवनको प्रबन्ध गर्ने। | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| ४. अहिले तालिमप्राप्त जनशक्ति र थप नयाँ स्वयंसेवीहरूलाई समेत शिक्षा, स्वास्थ्य, पोषण र खानेपानी सम्बन्धी विपद प्रतिकार सम्बन्धमा तालिम प्रदान गर्ने र आवश्यक बन्दोवस्तीको प्रबन्धन गर्ने। | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| ५. विपद पछिको अवस्थामा आपतकालिन रुपमा शिक्षा, स्वास्थ्य, पोषण तथा खानेपानीको प्रबन्ध गर्ने कार्य सुनिश्चित गर्ने। | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |

| कृयाकलाप | कहिलेसम्म | जिम्मेवार निकाय |
|---|---|---|
| ६. विपद सामना गर्नका लागि नियमित रुपमा विद्यालय, अस्पतालमा ड्रिल तथा तालिमहरु सञ्चालन गर्ने । | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| ७. विपदपछिको पुनर्निर्माणको समयमा पाठ्यसामग्री, औषधि-उपकरण लगायतका महत्त्वपूर्ण सामग्रीहरू खतराको इलाकाभन्दा बाहिर राख्ने प्रबन्ध गर्ने | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |
| ८. विपदबाट पीडित बालबालिका, महिला, अपाङ्ग लगायत सर्वसाधारणमा परेको मानसिक तथा मनोसामाजिक प्रभावका लागि उचित मानसिक स्वास्थ्य सेवा तथा मनोसामाजिक परामर्श प्रदान गर्ने व्यवस्था मिलाउने । | तीन चरण (२०२०, २०२५, २०३०) | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय<br>प्रदेश सरकार, स्थानीय सरकार |

**अनुसूची 2: क्षेत्रगत परामर्शका सहभागीहरुको नामावली**

**(क) पहिलो परामर्शमा सहभागीहरुको नामावली**

| SN | Name | Organization | Designation | Contact Number | Email Id | Signature |
|---|---|---|---|---|---|---|
| 1 | Dr. Hari Prasad Lamsal | MOE | Joint Secretary | 9851115902 | h.lamsal@gmail.com | |
| 2 | Min Raj Panthi | Plan International | Inclusion Specialist | 9851196742 | meenraj.panthee@plan-international.org | |
| 3 | Kamlesh Yadav | UNDP | PO | 9851162232 | kamlesh.yadav@undp.org | |
| 4 | Narayan B. Thapa | CDRMP | National Thematic | 9751000476 | nnthapa@hotmail.com | N.B.Th |
| 5 | Dr. Dipendra Raman Singh | MoH | Chief, public health administration M&E division | 9841337140 | dipendra2015@gmail.com | |
| 6 | Krishna Raj Kaphle | UNDP | SPO | 9851003967 | krishna.kaphle@undp.org | |
| 7 | Chiranjibi Gautam | DOE | Deputy Director | 9843219456 | chiranjibi42gtm@gmail.com | |
| 8 | Khem Nanda Bhusal | DOE | " " | 9845045692 | khembhusal922@gmail | |
| 9 | Damodar Adhikari | WHO | NPO | 9801010022 | adhikarid@who.int | |
| 10 | Nava Raj Khatiwada | MOE | Under Secretary | 9841531399 | nr.khatiwada123@gmail.com | |
| 11 | Bhim Kumari Pun | Swasthya-HKI | Sr. Program Manager | 9841893632 | bpun@hki.org | |
| 12 | Madan Raj Bhatta | HELVETAS Nepal | Programme Manager | 9858051902 | madan.bhatta@helvetas.org | |
| 13 | Pramila Subedi | Save the children | Advocacy Coordinator | 9741033319 | Pramila.Subedi@savethechildren.org | |
| 14 | ROHIT KUMAR YADAV | VSO | Programme management specialist | 9844028748 | rohit.yadav@vsoint.org | |
| 15 | Shankar Mani Gyawali | MoWSS | S.D.E. | 9841278048 | smjnawali@gmail.com | |
| 16 | Harsha Man Maharjan | DPNet | Member | 9851114161 | harshaman_maharjan@yahoo.com | |
| 17 | GOVINDA PD SHARMA | MOE | UNDER SECRETARY | 9551068799 | gppaudyal@hotmail.com | |
| 18 | Prithula Thapa | SIAS | R.A. | 9860864446 | Prithulathapa@gmail.com | |
| 19 | Anil Pokhrel | Practical Action Consulting Pvt. Ltd. | DRR & M Expert | 9841280764 | a.pokhrel@outlook.com | |
| 20 | Chakra Pani Pandey | MOHA | U.S. | 9851222516 | cipeepandey@gmail.com | |
| 21 | Shankar Hari Acharya | MOHA | U.S | 9841309763 | shankarhariacharya@gmail.com | |

| SN | Name | Organization | Designation | Contact Number | Email Id | Signature |
|---|---|---|---|---|---|---|
| 22 | Ram chandra Rakki | MOE | section officer | 9857074149 | rcrakki1002@gmail.com | |
| 23 | Dr. Hari Dhungana | DP Net | Consultant | 9851100669 | h.dhungana@gmail.com | |
| 24 | Krishna Devi | MoE. | Support staff. | 9843582730 | | |
| 25 | Padam Bdr. Pariyar | ASB Nepal | P.M. | 9841786831 | padampariyar@asbnepal.org | |
| 26 | Keshab Bhattarai | DPNet | AFO | 9843058074 | afodpnet@gmail.com | |
| 27 | Lahadev Dhadka | DPnet | Office Assistant | 9841828940 | dpnet.@gmail.com | |
| 28 | Kul Prasad Rai | DPNet-Nepal | Project Manager | 9842048217 | kul.dpnet@gmail.com | |

**(ख) दोश्रो परामर्शका सहभागीहरुको नामावली**

**DPNet-Nepal**

**Second thematic working group meeting- "Social Theme" under National DRR Policy and Strategic Action Plan coordinated by DPNet Nepal and organized by MOE**

27 June, 2017 (011:00 AM-2:00 PM)

Venue : MOE

| SN | Name | Organization | Designation | Contact Number | Email Id | Signature |
|---|---|---|---|---|---|---|
| 1 | Hari Pd Lamsal | Ministry of Education | Joint Secretary | 9951115402 | hlamsal@gmail.com | |
| 2 | Babu Ram Thapa | CNT | Representative | 9841297938 | baburamt81@gmail.com | |
| 3 | Chakra Pani Pandey | MOHA | U.S. | 9851222516 | cipcepandey@gmail.com | |
| 4 | Dharma Datta Bobkota | N. National Guya Association | Chair p. | 9841541937 | nngaddd@gmail.com | |
| 5 | Dr. Sudan Raj Panth | WHO | NPO | 9801010016 | panthsewho.int | |
| 6 | Damodar Adhikari | WHO | NPO | 9801010022 | adhikarid@who.int | |
| 7 | N. B. Thapa | CORMP | N. Thematic Co-ordinator | | nnthapa@hotmail | |
| 8 | Kamlesh Yadav | CDRMP/UNDP | PO | 9851162232 | kamlesh.yadav | |
| 9 | N Gui | ADB | | | | |

| SN | Name | Organization | Designation | Contact Number | Email Id | Signature |
|---|---|---|---|---|---|---|
| 10 | Kabita Sharma | MOHA | Section Officer | 9849594200 | sharmakabita11@gmail.com | [signature] |
| 11 | Shankar Adhikari | Teacher Federation | vice president | 9841423643 | shankaradh340@gmail.com | [signature] |
| 12 | Bhim Prasad Sapkota | Ministry of Health | Public Health Administrator | 9851229391 | bhimprasadsapkota@gmail.com | [signature] |
| 13 | Subas Bhandari | Guardian Asso. Nepal | Senior vice President | 9818120072 | subas123@hotmail.com | [signature] |
| 14 | ~~Damodar Adhikari~~ | ~~WHO~~ | ~~NPO~~ | ~~9801010022~~ | ~~adhikarid@who.int~~ | [signature] |
| 15 | Krishna Raj Kaphle | UNDP | SPO | 9851003967 | krishna.kaphle@undp.org | [signature] |
| 16 | Chiranjibi Gautam | DOE | Deputy Director | 9843219456 | chiranjibi43gtm@gmail.com | [signature] |
| 17 | Medinee Prajapati | DOE | Environment Specialist | 9849022694 | medinee.prajapati@hotmail.com | [signature] |
| 18 | Pramila Subedi | CCDRR (Save the children) | Advocacy Coordinator | 9741033314 | Pramila.Subedi@savethechildren.org | [signature] |
| 19 | Hari Dhungana | DP-net | Facilitator | 9851100669 | h.dhungana@gmail.com | [signature] |
| 20 | GOVINDA PD SHARMA | MOE | US | 9851058799 | gpprasadsharma@yahoo.com | [signature] |
| 21 | Keshab Puri | G.A.N. | President | 9851022299 | PURIKESHABB@gmail.com | [signature] |

| SN | Name | Organization | Designation | Contact Number | Email Id | Signature |
|---|---|---|---|---|---|---|
| 22 | Laxman Sharma | NNTA | GS | 9841333768 | laxmansire00@gmail.com | [signature] |
| 23 | Ram Hari Siwal | HISSAN | secretary | 9851030010 | siwalrhb@gmail.com | [signature] |
| 24 | Laxmi Kishor Subedi | CNT | DGS | 9751054777 | laxmikishor@hotmail.com | [signature] |
| 25 | Lachhi Ram Dhakal | CNT | DGS | 9748008917 | | [signature] |
| 26 | Anjil Adhikari | Oxfam | Engineer | 9841784886 | aadhikari@oxfam.org.uk | [signature] |
| 27 | Dilli Prasad Upadhyaya | Oxfam | DRR/WASH Officer | 9841054374 | dupadhayaya@oxfam.org.uk | [signature] |
| 28 | Arati Shrestha | DWSS | Engineer | 9851214572 | drrndwss@gmail.com | [signature] |
| 29 | Arjun Aryal | VSO | C Adviser | 9849513477 | arjun.aryal@vsoint.org | [signature] |
| 30 | Pramita Mahajan | WaterAid | WASH Prog. Officer | 9841435597 | pramitamahajan@wateraid.org | [signature] |
| 31 | Padma Dakal | — | — | 9849839894 | — | [signature] |
| 32 | Krishna Devi Shrestha | — | — | 9843982730 | — | [signature] |

| SN | Name | Organization | Designation | Contact Number | Email Id | Signature |
|---|---|---|---|---|---|---|
| 33 | Kumar Sapkota | MOE | [illegible] | 9689025995 | | [signature] |
| 34 | Gita Nagalki | — | — | 9841412817 | — | गीता |
| 35 | Bishwonath Baral | MOE | — | — | — | [signature] |
| 36 | Nabaraj Silwal | MOE | – | – | – | [signature] |
| 37 | Sahadev Pokharel | ODNET | O.A | 9840177909 | oadpnet@gmail.com | [signature] |
| 38 | Luna Khadka | " | PC | 9841445735 | khadkaluna@gmail.com | [signature] |
| 39 | | | | | | |